# एक मिनेटको साक्षी



विश्वासको साक्षी बताउने संसारकै सबैभन्दा
सजिलो समाग्री

# अरूलाई सहायता गर्नसक भनेर परमेश्वरले तपाईको आवाजलाई प्रयोग गर्न चाहनुहुन्छ ।



परमेशवरको प्रेम अचम्मको उपहार हो, त्यही उपहार अब तपाई जोसुकैलाई दिन सक्नुहुन्छ ।

येशूले प्रेम गर्नुहुन्छ भन्ने कुरा तपाईलाई कसैले सुनाएकोमा तपाई खुशी हुनुहुन्छ ?



उहाँको त्यही महान प्रेमको विषयमा तपाईंले पनि धेरैलाई सुनाउनुहोस् भन्ने तपाईंलाई लाग्दैन ?

केन्या देशको एकजना ७ वर्षे अफ्रिकी केटाले एकदिन आफ्नै घरमा यो *'एक मिनेटको साक्षी'* पुस्तिका पढेछ। त्सको पछिल्लो हप्ता ऊ आफ्नो स्कुल गयो र उसका पाँचजना साथीहरूलाई एक मिनेटमा गवाही सुनायो।

थाहा छ के भयो ? तीनजनाले प्रार्थना गरेर आफ्नो जीवन येशूलाई दिने विचार गरे !

तपाईं पनि त्यसतै गर्न सक्नुहुन्छ। हामि सबैको आफ्नै कथा छ, अनि यो *'एक मिनेटको साक्षी'* बताउने सामग्रीले त्यो कथा सुनाउन खूबै सजिलो बनाइदिन्छ।

अहिले संसारभरि थुप्रै वालवालिकाहरूले यही पुस्तिकाको आधारमा आफ्नो कथा वताइरहेका छन्।





# परमेशवरको सहायता पाउन प्रार्थना गर्नु

आफूलाई प्रेम गरिएको छ भन्ने कुरा सबैले थाहा पाएको हुनुपर्छ। तपाईसँग ख्रिष्टको प्रेम भएको हुनाले त्यो प्रेमको विषयमा तपाईको कुरा तिनिहरूले सुन्ने चाहना गर्नेछन्।



बोल्न सहायता गर्नुहोस् भनी
परमेश्वरसित प्रार्थना गर्नुहोस्।
यस्तै सामान्य प्रार्थना गरेर तपाईंले हरेक
दिन गवाही भन्न थाल्न सक्नुहुनेछः

**"प्रभु येशू,**
**तपाईको महान प्रेमको**
**विषयमा अरूले पनि जान्न**
**पाऊन् भनेर आजै मलाई**
**सहायता गर्नुहोस्।"**



# एक मिनेटको साक्षी™

## सहयोगी सामग्री

### १. अनुमति माग्ने

**"म तपाईलाई एउटा प्रश्न सोधूँ ?"**

### २. ख्रिष्टपूर्व (BC) ख्रिष्टमा विश्वास गर्नुभन्दा पहिले

**" त्यसबेला मेरो जीवनमा यस्तो अवस्था थियो..."**

### ३. ख्रिष्टतर्फ (TP) ख्रिष्टतिर फर्किएको क्षण

*येशूको विषयमा कसरी सुनें भनि बताउनु ।*

**"त्यसपछि एकदिन..."**

**" जब मैले येशू मेरै पापको कारण मर्नुभयो भन्ने कुरा सुने।"**

### ४. त्यसपछि (AD) ख्रिष्टमा विश्वास गरेपछि

**"मैले ख्रिष्टलाई पाएपछि..."**

"यदि मैले ख्रिष्टलाई नचिनेको भए, म ..."


अनुमति माग्ने

# अनुमति माग्ने

हामिले अनुमति माग्दा अरूलाई आदर
गरेको ठहर्छ। तपाईले यसो भन्दै बोल्न थाल्नुपर्छ,

**" म तपाईंलाई एउटा कुरा सोधूँ ?"**

यदि उनिहरु सुन्न वा बोल्न राजी भए भने, यसरी सोध्नुहोस्,

**" तपाईंको जीवनमा सबैभन्दा खुशीको समय के हो सम्झना छ ?"**

उनिहरूले आफ्नो खुशीको कथा भनिसकेपछि सोध्नुहोस्,

**"मेरो जीवनको सबैभनदा खुशीको कथा सुनाऊँ ?"**

यदि हुन्छ, सुनाउनुहोस् भन्ने जवाफ आयो भने, तिनिहरूले तपाईको कुरा सन्ने अनुमति दिए। अब छिटो बनाएर आफ्नो कथा सुनाउनुपर्छ। करिब एक मिनेटमा तपाईको जीवनमा येशुले के के परिवर्तन ल्याउनुभयो भन्ने कुरा सुनाउनुपर्छ।

**यो तपाईले आफ्नो कथा
सुनाउने बेला हो...**

# ख्रिष्टपूर्व (BC) ख्रिष्टमा विश्वास गर्नुभन्दा पहिले



## ख्रिष्टलाई विश्वास गर्नुभन्दा पहिलेको
## हामि हरेकको जीवन कथा छ ।

येशूले प्रेम गर्नुहुन्छ भन्ने थाहा पाउनुभन्दा पहिलेको तपाईंको जीँवन कस्तो थियो ?

सायद तपाईं एकलै बस्न रूचाउने, उदास हुने र रिसाउने गर्नुहुन्थ्यो होला । आमाबुवाको अनाज्ञाकारी हुनुहुन्थ्यो, अथवा अरू मानिसहरूलाई नराम्रो व्यवहार गर्ने गर्नुहुन्थ्यो होला ।



क्षमा गर्नुहोस् भनेर कुनदिन तपाईंले परमेश्वरमा प्रार्थना गर्नुभएको थियो भन्ने कुरा पनि तपाईंलाई थाहा नहोला! क्षमा माग्नुपर्छ अथवा भन्ने लागेकै भए पनि खराब काम-कुरा गर्न छाड्नका लागि तपाईंलाई कसैले सहायता गरिदिए हुन्थ्यो भन्ने पनि लागेको होला ।

यो वाक्य पूरा गर्नका लागि तीनवटा शब्द वा वाक्यांश के हुन सक्छन्, सोच्नुहोस् (पृष्ठ १६)

"त्यसबेला मेरो जीवनमा यस्तो अवस्था थियो..."

# ख्रिष्टतर्फ (TP) - ख्रिष्टतिर फर्किएको क्षण



# तपाईं येशूतिर फर्किएको क्षण के हो ?

## हरेक मानिसको जिवनमा येशूतिर फर्किआएको एउटा क्षणह हुन्छ । तपाईंलाई कस्ले येशूको विषयमा बतायो?

उदाहरणः

“एकदिन कसैले मलाई साँच्चिकै प्रेम गर्नुहुने एकजना परमेश्वर हुनुहुन्छ भनि बतायो । धैरै पहिले उहाँले आफ्ना पुत्र येशूलाई स्वर्गबाट पृथ्वीका मानिसहरूसँग जिउन पठाउनु भएको रहेछ । येशूले मानिसहरूलाई प्रेम गर्नुहुन्थ्यो, रोगी बिरामिहरूलाई निको पार्नुहुन्थयो । उहाँ हाम्रै पाप र हामीले गरेको नराम्रो कामको खातिर मर्नुभयो । तर त्यसको तेस्रोदिनमा उहाँ मरेको अवस्थाबाट जीवित हुनुभयो र यसरी आफू परमेश्वर हुँ भन्ने कुरा प्रमाणित गर्नुभयो ।



येशू मेरो खराबीको कारण मरेर फेरि बौरिउठ्नुभयो भन्ने कुरा जब मैले सुनें, मैले उहाँसँग मेरा पापको क्षमा मागें र मेरो जीवनलाई सधैंका लागि डोर्याउनुहोस् भनी बिन्ती गरें । हो, त्यो समय नै मेरालागि **“फर्किएको क्षण थियो ।”**

तपाईंले के गरिदिनुहोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुभयो ?

यसको जवाफ पूष्ठ १७ मा लेख्नुहोस् ।

# (AD) ख्रिष्टमा विश्वास गरेपछि



# खि्रष्टमा विश्वास गरेपछि

## मैले खि्रष्टलाई भेटेपछि

अब म मानिसहरूलाई येशूले मेरालागि कति असल काम गरिदिनुभयो भन्ने कुरा बताउन सक्छु। उहाँले हामिलाई नयाँ आनन्द दिनुहुन्छ, नयाँ साथीहरु, परमेश्वरको प्रेम, क्षमा र एकदिन स्वर्ग जान सकिने प्रतिज्ञा पनि गरिदिनुभएको छ।

“येशूसित मैले क्षमा मागेर मेरो जीवनको अगुवा बनिदिनुहोस् भनि बिन्ती गरिसकेपछि मेरो हृदयमा अहिले नयाँ प्रेम छ, मसँग नयाँ आशा छ र एकदिन येशूसँगै स्वर्गमा हुनेछु भन्ने नयाँ प्रतिज्ञा पनि छ!”



## येशूले तपाईको जीवनमा गरिदिनु भएका तीनओटा असल कामहरु के के हुन्?

पृष्ठ १८ पल्टाउनुहोस्,
त्यहाँ यी सबै प्रश्नको जवाफ छ।

मैले ख्रिष्टलाई नचिनेको भए, म. . .



# मैले ख्रिष्टलाई नचिनेको भए, म....

येशूलाई कहिल्यै नचिनेका कति मानिसहरू एकलो, निराश र त्राशमा बाँचिरहेका हुन्छन्। तिनीहरू खराबी गर्नमै लागिरहेका हुन्छन्। तिनीहरूको जीवन अर्कै देखिन्छ, किनभने तिनीहरुले येशूलाई चिनेकै छैनन्।

“यदि मैले पनि येशूलाई नचिनेको भए म साँच्चिकै रित्तो र निराश हुनेथिएँ।”



तपाईंले आफ्नो कथा साथीहरूलाई बताउँदैगर्दा उनिहरूले तपाईंको जीवनमा परमेश्वरले गर्नुभएको परिवर्तन देख्नेछन्। उनिहरुले पनि येशूलाई ग्रहण गर्ने हो कि भनेर सोध्ने समय यही हो। उनीहरू पनि परमेश्वरले क्षमा गरिदिएको चाहन्छन् कि ? तर उनीहरू प्रार्थना गर्न तयार छैनन् भने, घर फर्किएर उनीहरूको लागि प्रार्थना गरिदिनुहोस्। परमेश्वरले जसरी तपाईसित कुरा गर्नुभएको थियो, त्यसैगरी उहाँ आफैं उनीहरुसित बोल्नुहुनेछ।

उनीहरुले अझै प्रश्न सोध्ने मन गर्दैछन् भने सबै प्रश्नको जवाफ दिन नहतारिनुहोस्। बरू येशूले तपाईंको जीवनमा जे गर्नुभएको छ, र किन तपाईं उहाँलाई धेरै प्रेम गर्नुहुन्छ, त्यहीमात्रै बताउनुहोस्।

जवाफ पृष्ठ १९ मा लेख्नुहोस्।

B.C.

# यी तीन कुरा भनेर आफ्नो कुरा टुङ्ग्याउनुहोस्ः

" त्यसबेला मेरो जीवनमा यस्तो समय थियो..."

१.........................................................................

२.........................................................................

३.........................................................................

T.P.

# तपाईं 'फर्किएको क्षण' के थियो ?

१. तपाईंले कसरी येशूको विषयमा सुन्नुभयो ?

"त्यसपछि एकदिन ,...

.................................................................................

.................................................................................

................................................................................"

२. यसो भन्दै टुङ्ग्याउनुहोस्ः

"मैले येशू मेरा पापको लागि मर्नुभयो र मृत्युबाट बौरिउठ्नुभयो भन्ने सुनेँपछि मैले उहाँलाई निम्त्याएँ...

.................................................................................

................................................................................"

A.D.

# येशूले तपाईंको जीवनमा गर्नुभएका तीनओटा असल कुराहरु के हुन् ?

"येशूलाई मैले भेट्टाएपछि, म..."

१.........................................................................

२.........................................................................

३.........................................................................

# येशूबिना तपाईंको जीवन कस्तो हुदो हो ?

"यदि मैले येशूलाई नपाएको भए, म..."

...........................................................................................

...........................................................................................

...........................................................................................

...........................................................................................

मेरो कुरा सुनिदिनु भएको लागि धन्यवाद ।
येशूले तपाईंलाई धेरैधेरै प्रेम गर्नुहुन्छ ।

# अझै अगाडि बढेर

तपाईले एक मिनेटको साक्षी सुनाइसकेपछि उनीहरु पनि स्वर्ग जान्छु भन्नेमा कसरी निश्चित हुनसक्लान् भनी सोध्न सकिन्छ।

यदि उनिहरू सकारात्मक देखिए भने उध्दार पाउनका लागि गर्नुपर्ने यी कामहरू सिकाउनुहोस्ः

१ - मानिलिनुः मैले पाप गरेको छु, र मेरा पापले मलाई पवित्र परमेश्वरबाट अलग्याएको छ।
(रोमी ३:२३)

२ - विश्वास गर्नुः मेरो पाप क्षमा गर्न भनी येशू क्रुसमा मर्नुभयो। अनि मृत्युबाट बौरिउठ्नुभएर एकमात्र सत्य परमेश्वर हुनुभएको प्रमाण दिनुभयो।
(रोमी १०:९-१०)

३ - स्वीकार गर्नुः म मेरा पाप येशूको सामुन्ने स्वीकार गर्छु र मलाई क्षमा गरिदिनुहोस् भनी बिन्ती गर्छु। तपाई मेरो जीवनको अगुवा र प्रभु भएर मलाई सधैंभरि डोर्याउनुहोस्।
(१ युहन्ना १:९)

उनीहरुले यी चरणहरु बुझे भने यो प्रश्न सोध्नुहोस्ः

के आजै तपाई आफ्ना पाप क्षमा गरिदिन येशूलाई प्रभू भनी स्वीकार गर्न चाहनुहुन्छ ?

# कथा टुङ्ग्याउँदै गर्दा

यदि उनिहरू तपाईंसँग प्रार्थना गर्न चाहन्छन भने तपाईपछि प्रार्थना दोहोर्याउन लगाउनुहोस्। यसका लागि माथिको तीन चरण अथवा 'उध्दारको गीत' को आधारमा पनि प्रार्थना गर्न सकिन्छ। (पृष्ठ २२)

"प्यारो प्रभु येशू, मैले खराबी गरेको छु भनी स्वीकार गर्छु र मैले गरेको पापको निम्ति म पछूतो गर्छु। कृपागरी मलाई क्षमा गर्नुहोस्। म विश्वास गर्छु, तपाईं मेरो पापको खातिर मर्नुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो। म मेरो पाप स्वीकार गर्छु। क्षमागरी मेरो प्रभु बनिदिनुहोस्। प्रभु येशू, म तपाईंलाई प्रेम गर्छु। आमेन !"



यसरी प्रार्थना गरिसकेपछि त्यसको निम्ति उनीहरुलाई बधाइ दिनुहोस्। यसपछि तीनवटा महत्वपूर्ण काम गर्नुपर्छ भनी सम्झाउनुहोस्ः दिनहुँ बाइबल पढ्ने, दिनहुँ प्रार्थना गर्ने र शनिवारैपिच्छे चर्च जाने। अब उनीहरूलाई आफ्नो नजिकको मित्रको रूपमा व्यवहार गर्न थाल्नुहोस्।

# उद्धारको गीत

क्रूसमा मर्नुभयो येशू
र जिउनुभो खोज्न पापीलाई
क्षमा गर्नुहोस् दोष र पाप
मुक्तिदाता प्रभु मित्र
जीवन मेरो नौलो बनाउनुहोस्
केवल बाँच्न तपाईंको निम्ति।

गीत सुन्नको लागि
NP.ONEMINUTEWITNESS.ORG

उद्धारको गीत
म्याट र शेरी म्याकफेर्सनद्वारा लिखित।
© २००४ मुक्ति कविता प्रतिष्ठान, Inc.
सम्पूर्ण अधिकार सुरक्षित।
WWW.THESALVATIONPOEM.COM

## सहजकर्ताका लागि सुझावहरू

१. मत्ती ९:३६ बाट दयाको परिचय दिने

२. एक मिनेट पुस्तिकाबाट पाँच औंले सूची कण्ठस्थ गर्न लगाउने ( पृष्ठ ५)

३. प्रत्यक औंलाअनुसार एक मिनेटमा साक्षी बन्न सिकाउने

- औंलैपिच्छे पुस्तिकाबाट क्रमस पढ्ने
- सबैले सुन्ने गरी एक-एक गर्दै आफ्नो गवाही बताउने
- एक मिनेट समय दिएर हरेकलाई आफ्नो गवाही लेख्न लगाउने
- लेखेको कुरा सबैले थाहा पाऊन् भनेर तीनजनालाई सोध्ने
- आफूले लेखेको कुरा बताउन जोडी- जोडीमा अभ्यास गर्न लगाउने

४. सबैले सुन्नेगरी तपाईको पूरा गवाही बताउने

५. जोडी - जोडीमा सबैलाई आ-आफ्नो गवाही भन्न लगाउने

६. अर्को व्यक्तिसित फेरि अभ्यास गर्न लगाउने

७. तीनवटा प्रश्न सोध्नेः

क. एक मिनेटमा साक्षी दिन सकिन्छ भनी कतिजनाले बुझेछन् ?

ख. सेमिनारबाट बाहिरिएपछि कतिजनाले सिकेअनुसार गर्न सक्छन् ?

ग. यो विधिअनुसार अब कहिले गर्ने ? अर्को साल हो ? कहिले त ?

८. व्यवहारिक प्रयोगबारे निर्देशनः बच्चाहरूलाई उनीहरूको छिमेक र विद्यालयहरूमा दैनिक साझेदारी गर्न प्रोत्साहन दिनुहोस् र बाहिर लगेर । हरेकले कम्तिमा पनि चार जनालाई सुनाउन लगाउनुहोस् । (प्रयोग बिनाको ज्ञान व्यर्थ)।

९. सबै फर्किएपछि, के- कस्तो भयो ? तीनजनालाई सुनाउन मौका दिने

१०. एक्काइस दिने चुनौती- कुन जोडीले २१ दिनसम्म दिनहुँ साक्षी बाँढने काम गर्छ ? सोद्ने र उनीहरुले दिनदिनै एकअर्कोलें के गर्दैछ भनी फोन वा अन्य माध्यमबाट जानकारी लिन लगाउने

११. प्रत्येक महिना पुनः तालिम दिनुहोस्, र बच्चाहरूलाई फरक जोडी दिनुहोस्।

यदि तपाईं आफ्नो विश्वासलाई नयाँ स्तरमा लैजान गम्भीर हुनुहुन्छ भने, हामीसँग सामेल हुन चाहनुहुन्छ भने:

**WWW.NP.ONEMINUTEWITNESS.ORG**

यहाँ नि: शुल्क उपहारहरू पत्ता लगाउनुहोस्: **OASISGIFTS.ORG**



*पुस्तकहरू, संगीत र तपाईको साक्षीलाई प्रेरित गर्ने माध्यमहरू!*

प्रत्येक हप्ता नि:शुल्क एक मिनेट साक्षी ब्लग *प्राप्त गर्न हाम्रो वेबसाइटमा साइन अप गर्नुहोस् ।* यसले तपाईंलाई अनन्तकालका लागि महत्त्वपूर्ण कुरामा ध्यान केन्द्रित गर्न प्रेरित गर्छ… अर्थात् आत्माहरूमा!

यो एक मिनेट साक्षी™ पुस्तिका, अर्डर गर्न कृपया हामीलाई कल वा इमेल गर्नुहोस्:


ओएसिस विश्व सेवाहरु
PO BOX 58 CHAMPLIN, MN 55316 USA
763-425-9355 | info@oasiswm.org


OASIS WORLD MINISTRIES


© २०२१, ओएसिस विश्व सेवाहरू। टम एली र ओएसिस विश्व सेवाकाइ द्वारा लिखित। सबै अधिकार सुरक्षित गरिएको छ । यस पुस्तिकाको कुनै पनि अंश ओएसिस विश्व सेवकाइको लिखित अनुमति बिना कुनै पनि रूपमा परिवर्तन गर्न वा कुनै पनि रूपमा पुन: उत्पादन गर्न सकिंनेछैन। V18UDT CHILDREN’S NEPALI